रामगोपालपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामगोपालपुर,महोत्तरी

प्रदेश नं २ नेपाल

प.सं. ०७७/७८
च.नं.

मितिः- २०७७/५/१५

## सुचना ! सुचना ! ! सुचना ! ! !

जिल्ला प्रशासन कार्यालय,महोत्तरी,जलेश्वर को मिति २०७७/०५/०१५ को सुचना अनुसार महोत्तरी जिल्लामा कोभिड १९ को संक्रमण तीव्र गतीमा बढ्दै गइरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तत्काल थप सतर्कता अपनाउनुको साथै नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गर्ने/गराउने सन्दर्भ मिति २०७७/०५/१५ गते राती १२:०० बजे देखि मिति २०७७/०५/२२ गते राती १२:०० बजे सम्मका लागि महोत्तरी जिल्ला भरी स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) अनुसार निसेधाज्ञा जारी गरिएको हुँदा सो अवधी भरी तपसिल अनुसार गर्न गराउन हुन् समपूर्ण नगरवासीहरुमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. अत्यावश्यक पसलहरु (खाद्यान्न,फलफूल,तरकारी,दुध डेरी) बिहान ५:०० बजे देखि बिहान ११:०० बजे सम्म मात्र संचालन गर्ने र औषधी पसल तथा इन्धन पसल २४ घन्टा खोल्ने । (अति आवश्यक व्यापार व्यवसाय संचालन गर्दा बिक्रेता तथा क्रेताहरुले अनिवार्य मास्क,पंजा एबं सेनिटाइजर को प्रयोग गरी सामाजिक दुरी कायम गरी मात्र संचालन गर्ने ) पुनश्च : हाटबजार,मेला,शैशिक संस्था,समाजिक भेला,सैलुन,सभा,तालिम,मेला,भिडभाड हुने धार्मिक आयोजना,डिजे बाजा तथा संक्रमण फैलिने जस्ता कृयाकलाप पूर्ण रुपमा निषेद गरिएको छ ।

२. बाँकी समयमा अत्यावश्यक सेवा (स्वास्थ्य,अत्यावश्यक मालसामान ओसारपोसार,निर्माण सामग्री दुवानी,फोहरमैला संकलन तथा दुवानी,कृषिजन्य कार्य तथा पशुजन्य उत्पादन दुवानी,संचार सेवा,तोकिएको बमोजिम मात्रका बैंक सम्बन्धी सेवा,आन्तरिक सुरक्षा कार्य, खानेपानी संचालन तथा बितरण ) वाहेक हरेक किसिमका सेवाहरु बन्द रहने छ र अत्यावश्यक बाहेक हिडडुल पनि निषेध गर्ने ।

३. निर्णय अवज्ञा गर्नेलाई स्थानीय प्रशासन ऐन २०२८ तथा संक्रामक रोग ऐन २०२० बमोजिम कारवाही गरिने छ ।

अशोक

अशोक कुमार मण्डल
नगर प्रमुख

अशोक कुमार मण्डल
नगरप्रमुख